आज मिति २०७४ आषाढ ०६ गते मंगलबारका दिन यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा दोश्रो बोर्ड बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिति :- | | | पदाधिकारी | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | - | अध्यक्ष | |
| २. | उप-नगर प्रमुख श्री बसन्ती तामाङ (डंगोल) | - | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापामगर | - | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | - | सदस्य | |
| ५. | ३ नं. वडाका वडा अध्यक्ष श्री नानी बाबु बस्नेत | - | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खडका | - | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | - | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | - | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | - | सदस्य | |
| १०. | ८ नं. वडाका वडा अध्यक्ष श्री राज कुमार लामा | - | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | - | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमा पहरी | - | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गारी नेवा पोडे | - | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | - | सदस्य | |
| १५. | महिला सदस्य श्री लक्ष्मी भण्डारी | - | सदस्य | |
| १६. | महिला सदस्य श्री कविता खत्री | - | सदस्य | |
| १७. | महिला सदस्य श्री शारदा आचार्य | - | सदस्य | |
| १८. | महिला सदस्य श्री निर्मला मंग्राती | - | सदस्य | |
| १९. | महिला सदस्य श्री मिना मगर | - | सदस्य | |
| २०. | कार्यकारी अधिकृत श्री सुशीला पौडेल (ढकाल) | - | सदस्य सचिव | |

आमन्त्रित :-

| | | | |
|---|---|---|---|
| २१. | श्री विष्णु बहादुर के.सी. | - | लेखा अधिकृत |
| २२. | मनोज बुढाथोकी | - | सिभिल इन्जिनियर |
| २३. | सुरोज श्रेष्ठ | - | कम्प्युटर अपरेटर |

प्रस्तावहरु :-

१. पहिलो बोर्ड बैठकबाट भएका निणर्यहरुको कार्यान्वयन समीक्षा ।

२. दमकल संचालन सम्बन्धी ।

३. दैवी प्रकोपबाट उत्पन्न विपत्ति र दिर्घ रोगका व्यक्तिहरुको औषधी उपचार खर्च सम्बन्धमा ।

४. फोहोर मैला व्यवस्थापन सम्बन्धमा ।

५. नवनिर्वाचित जनप्रतिनिधिहरुका लागि आचार संहिता पास गराई लागु गर्ने सम्बन्धमा ।

६. उद्योगी, व्यवसायीहरुलाई यस न.पा.मा अध्ययन अवलोकनको अवसर प्रदान गरि उद्योग स्थापना गर्ने सम्बन्धमा ।

७. प्रशासनिक तथा नीतिगत निर्णय गराउनु पर्ने विषयहरु सम्बन्धमा ।

८. विविध विषयहरु सम्बन्धमा ।

निर्णयहरु :-

**निर्णय नं. १ : नगरकार्यपालिकाको पहिलो बैठक सम्बन्धमा :**

पहिलो बैठकमा भएका निर्णय पूर्ण रुपमा कार्यान्वयन हुन नसकेको हुँदा द्रुतगतिमा प्रभावकारी कार्यान्वयन गर्ने कार्य अगाडी बढाउने ।

**निर्णय नं. २ : दमकल संचालन सम्बन्धमा :**

यस नगरपालिकाको प्रत्येक वडा कार्यालयबाट १/१ जनाको दरले स्वयम सेवक तयार गरि दमकल सम्बन्धी थप तालिम संचालन गर्ने ।

**निर्णय नं. ३ : दैवी प्रकोपबाट उत्पन्न विपत्ती सम्बन्धमा :**

दैवी प्रकोपबाट उत्पन्न विपत्ती र दिर्घ रोगका व्यक्तिहरुको औषधी उपचारका लागि सम्बन्धीत वडा कार्यालयको सिफारिसका आधारमा विपत्ती तथा रोगीको अवस्था हेरेर रू. १०,०००।-(अक्षरुपी दश हजार रूपैयाँ) मा नबढन गरि रकम उपलब्ध गराउनको लागि बार्ड बैठकबाट नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने ।

**निर्णय नं. ४ : धन्यवाद ज्ञापन गर्ने सम्बन्धमा :**

हाललाई काठमाडौं महानगरपालिकासंग भएको समन्वय र वडा नं. ७ मा पार्क निर्माण भई रहेको ठाउँमा फोहोर व्यवस्थापन गर्दै जाने, कूचिकार पठाईएकोमा दक्षिणकाली क्षेत्र प्रबन्ध समितिलाई विशेष धन्यवाद दिदै फोहोर व्यवस्थापन गर्न दिर्घकालिन फोहोर मैला व्यवस्थापन नीतिको निर्माण गर्ने ।

**निर्णय नं. ५ : पदाधिकारीहरुको आचार संहिता सम्बन्धमा :**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट नगरकार्यपालिकाको पदाधिकारीहरुको लागि नमुना आचारसंहिता प्राप्त भएकोले सबैले अध्ययन गरि आउँदो बैठकमा आचारसंहितामा केहि थपघट गर्नुपर्ने भए सोहि बमोजिम गर्ने ।

**निर्णय नं. ६ : उद्योग व्यवसायीहरुलाई अध्ययन अवलोकन सम्बन्धमा :**

यस नगरपालिकाको आर्थिक समुन्नतीको लागि सबै तहका उद्योगी, व्यवसायीहरुलाई यस नगरमा प्रवेश गराई प्रत्येक वडाको बेरोजगारी हटाई आर्थिक समृद्धिको लागि उद्योग, व्यवसाय संचालन गर्नको लागि मिडिया मार्फत अनुरोध गर्ने ।

**निर्णय नं. ७ : अनुमोदन सम्बन्धमा :**

विभिन्न मितिमा नगर प्रमुखज्यूबाट बोर्डबाट छलफल गरी अनुमोदनको प्रक्रियामा लैजाने भनी निर्णय भएका थप योजना - १, दैवी प्रकोप अन्तर्गत - १, आन्दोलन कार्यक्रम - १ मा भएको खर्च र योजना संशोधन अनुमोदन गराउने ।